# जुगल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बराह्चीसी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

: facebook.com/hamrojugal

**विषयः सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/२८**

प्रस्तुत विषयमा यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजक (अधिकृतस्तर छैठौं) करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रशासन-०१-२०८२/०८३ | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | १ | |

१. **दरखास्त फाराम साथ संम्लग्न गर्नु पर्ने कागजानहरुः (क)** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, **(ख)** हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो, **(ग)** न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, **(घ)** कार्य अनुभवको हकमा सम्बन्धित निकायबाट प्रमाणित कार्य अनुभव सम्बन्धी कागजात पेश गर्नुपर्ने, **(ङ)** अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने, पेश गरिने सम्पुर्ण प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्ने।

२. **परिक्षाको किसिमः** प्रारम्भिक सुचिमा परेका उम्मेदवारको ५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्यूटर सम्बन्धी बिषयको छुट्टा छुट्टै परिक्षा लिईनेछ।

३. **दरखास्त पेश गर्ने तरिकाः** तोकिएको आवश्यक कागजपत्रहरु र शुल्क तिरेको बैंक भौचर संलग्न राखी यस कार्यालयमा स्वयं कार्यालय समयमा उपस्थित भई वा यस कार्यालयको इमेलःJugalgaupalika12@gmail.com मा Scan गरी एउटै PDF File बनाई पठाउनु पर्नेछ। कागजात इमेलबाट पठाएपछि कार्यलयमा प्राप्त भए/नभएको फोन गरी यकिन गर्नु पर्नेछ। रित नपुगेका तथा म्याद नाघी आएका दरखास्तलाई मान्यता दिइने छैन।

४. **परिक्षा दस्तुरः** १,०००।- (जुगल गाउँपालिकाको कुमारी बैंक लिमिटेड शाखाको आन्तरिक राजस्व खाता नं.२६७०२४७८१६२००००९ मा एक हजार रकम जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ।

५. **दरखास्त बुझाउने स्थानः** जुगल गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भएर वा गाउँपालिकाको इमेल मार्फत दरखास्त पेश गर्न सकिनेछ।

६. **दरखास्त फारमका लागिः यस कार्यालयको वेवसाइट https://.jugalmun.gov.np/** को विद्युतीय सुशासन सेवा अन्तर्गत नमुना फारममा गई सेवा करारका लागि दरखास्त फारम २०८२-०८३ (Application Form For Rojgar Samyojak 2082-083) डाउनलोड गरी पूर्ण रुपमा भरी पेश गर्न सकिनेछ।

७. **दरखास्त दिने अन्तिम मितिः** २०८२/११/२८ देखि २०८२/१२/१२ गते सम्म। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुल्ने समयमा बुझाउन सकिनेछ।

८. **उमेर हदः** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने।

९. **शैक्षिक योग्यताः** नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको।

१०. सूचनामा उल्लेख हुन छुट भएका विषयहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र प्रचलित कानून बमोजिम हुनेछ।

पुनश्चः थप जानकारीको लागि गाउँपालिकाको प्रशासन शाखामा( **मोबाइल नम्बर ९८४३००८१५६)** सम्पर्क गर्न सकिने छ।

२०८२/११/२८

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत